# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष २३ गते ०८ साल

भाग ४

## खाद्य तथा भूमि-व्यवस्थामन्त्रालयको विज्ञप्ति

## भूमिसुधारको आवश्यकता.

(१) हाम्रो मुलुकका सैकडा ९० बासिन्दाको पेशा कृषि छ र कृषि भूमिमा निर्भर गर्छ । भूमिमा हाम्रो व्यवस्था नमिलेसम्म भूमिका प्रारम्भिक उपार्जन अथवा किषानहरुको आर्थिक अवस्थामा उन्नति हुन सक्तैन ।

पहाड, मदेश, तराई सबै ठाउँहरुमा कृषकको हातबाट जग्गा जमीन ठूलाठालू साहूमहाजन र अरु धनिवर्गको हातमा गैरहेको देखिएको छ र सुकुमवासीहरुको संख्या बढ्दै जाँदो छ । यस्ता जग्गाधनीहरुले बटैया, उखडा, मनखब, हुन्डा, कूतबाली, नगदी इत्यादि इत्यादिको चलनबाट जंग्री तथा रैकर जग्गाको व्यवस्था मिलाएका छन् ।

(२) यै उखडा, बटैया, मनखब, हुन्डा, कूतबाली, नगदी इत्यादि इत्यादिको चलनबाट जग्गाधनीले आफ्नो जग्गा जमीनको व्यवस्था मिलाएका छन् । तर यसबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११९८

बटैया, मनखब, हुन्डा, कूतबाली, नगदी इत्यादि इत्यादिमा नंबरी तथा रैकर कमोद गर्ने, कमाउने रैतीहरूलाई जग्गा कमाउने मोहीयानी हक छैन र यो हक नभएकोले कमोद गर्ने, कमाउने रैती जग्गाधनीको खुशीले थाम्निन झिकिन र निकाला हुन सक्छ । बढी कबल्नेलाई पजनी गर्ने, शलामी दस्तूर लिने आदि चलनबाट जग्गा जोत्ने कमाउने रैतीहरूलाई मड्का परी भूमिको उर्वराशक्तिको ह्रास हुन जाने तथा सुकुमबासी रैती बढ्ने आदि भै समाजलाई हानिकारक सिद्ध भैरहेछ र यिनै कारणहरूबाट किषान— आन्दोलनको श्रीगणेश भएका लक्षणहरू कुनै जिल्लाहरूमा स्पष्टै देखिन थालिसकेको छ। समयमा नै यसको एक सुव्यवस्था गर्नु सरकारको लागि परम आवश्यक हुन आउँछ ।

(३) बटैया, उखडा, कूतबाली. मनखबी, हुन्डी, नगदी इत्यादि इत्यादिमा जग्गाजमीन कमोद गर्ने, कमाउने रैतीहरूलाई जग्गाको मोहीयानी हक दिलाइदिएमा यसबाट निम्न लाभ छ ।

( क ) रैतीको बसोबासो स्थायी रूपबाट हुन्छ ।

( ख ) सुकुमवासीको संख्या बढ्दछ ।

( ग ) स्थायी रूपबाट बसोबासो भएपछि कमाएको जग्गाजमीनमा स्थायी सुधार हुन्छ र अन्न—उत्पादन बढ्छ। किनकि प्रारम्भिक उपार्जक किषान जग्गाबाट उखडिंदैन ।

( घ ) जग्गाधनी र कमोद गन रैतीको संबन्ध राम्ररी स्थापित भै झैझगडा कम हुन्छ ।

( ङ ) जग्गाधनीको दया र खुशीमा मात्र कमोद गर्ने रैतीहरूले निर्भर गरिरहनु पर्दैन। कारण कूत बुझाएसम्म जग्गाधनीले जग्गाबाट निकाल-बाहार गर्न पाउँदैन।

( ४ ) बिर्ता कमाउने मोहीहरूले मोहीयानी हक पाइरहेका छन् र हक बेचबिखन गर्न सक्छन् र बिर्ताउन्मूलनको आयोजनाबमोजिम यसमा हुने भएको र अब उखडा, बटैया, मनखबी, कूतबाली, नगदी, हुन्डी इत्यादि इत्यादिमा कमोद गर्ने, कमाउने रैतीहरूलाई मोहीयानी अधिकार प्राप्त भएमा रैकर नंबरीको मोहीयानी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११६-B

हक बेचबिखन गर्न नपाउने गरी मुलुकभर यस बारेमा कानून लागू गर्नै रैतीले उखडा, बटैया, मनखबी, कूतवाली, नगदी, हुन्डी इत्यादि इत्यादिमा जोत कमोद गरी जग्गाधनीलाई कबूलियतबमोजिम बुझाउन्जेल खोसमोस गर्न पाउने छैन र यस बारे बिर्ता कमाउने मोही बिर्तावालको ऐन सवालबमोजिम हुन्छ। केवल मोहीयानी हकको बेचबिखन हुन सक्तैन।

यिनै माथिका सुधारात्मक दृष्टिकोणलाई ध्यानमा राखेर नै कानून तर्जुमा गरिएको छ। यो कानून मन्त्रिमण्डलबाट पास भएपछि सर्वत्र मुलुकभर लागू गरिनेछ। तर यस्तो महत्वपूर्ण कुराको ऐन पास गर्नालाई जनताको राय लिन अत्यावश्यक देखिएको हुनाले ३५ दिनभित्रको म्याद टाँसी टेलिफोन, आकाशवाणी र हुलाकद्वारा भरमुलुकमा यस बारेको सूचना जारी गरी जनताको राय जिल्ला गोस्वारा इलाकाको मालहरूबाट आमन्त्रित गर्ने र सो आएपछि सोही व्यहोरा मन्त्रिमण्डलमा निर्णयको लागि पेश हुने उद्देश्यसमेत मन्त्रिमण्डलबाट भएको हुनाले जनताको सूचनार्थको यो विज्ञप्ति प्रकाशित गरिएको छ। कानूनको तर्जुमा तल दिइन्छ।

## भूमिदारी अधिकार–प्राप्ति कानून २००८ साल

( १ ) यो कानूनको नाम भूमिदारी अधिकारप्राप्ति कानून २००८ साल, राखिएको छ।

( २ ) यो भूमिदारी अधिकार––प्राप्ति कानून २००८ सालबमोजिम ७ सालमा सदर मधेश, तराई, पहाड अर्थात् मुलुकभर जस जस र जुन जुन रैतीले बटैया, उखडा, हुन्डा, कूतबाली, नगदी, मनखब इत्यादि इत्यादिमा जग्गाधनीको जग्गा कमोद गरी कमाई आएको छ, अब उपान्त यो कानूनबमोजिम त्यसै रैतीले नै भूमिदारी अधिकार अर्थात् मोहीयानी हक पाउनेछ।

( ३ ) यो भूमिदारी अधिकारप्राप्ति माथिको २ दफाबमोजिम उखडा, बटैया, हुन्डा, मनखबी, नगदी, कूतबाली इत्यादि इत्यादिमा कमोद गरी कमाई आएका रैतीहरूलाई जग्गाधनीले अब उपान्त खोसमोस गर्न पाउँदैनन् र भूमिदारी अधिकार रैतीकै हुन्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( ४ ) बटैया, उखडा, हुन्डा, मनखबी, नगदी, कूतबाली इत्यादि इत्यादिमा कमोद गर्ने रैतीहरूले यो कानूनबमोजिम भूमिदारी अधिकार प्राप्त गरेपछि कबूलियत-बमोजिम शर्त पूरा गरो बुझाउनुजेल जग्गाधनीले खोसमोस गर्न सक्नैन र यसबारेमा बिर्ता जग्गाको मोहीयानी हकको ऐन सवालबमोजिम गर्नू , गराउनू ।

( ५ ) यो भूमिदारी अधिकार प्राप्ति कानूनबमोजिम प्राप्त भएको भूमिदारी अधिकारको बेचबिखन रैतीले गर्न पाउने छैन । अरू माथिका दफा ५ बमोजिम गर्नू , गराउनू । बिर्ताको मोहीयानी हकको बारेमा भने भै राखेको ऐन सवालबमो-जिम हुनेछ ।

( ६ ) भूमिअधिकार प्राप्त गरेपछि सो अधिकार प्राप्त गरेको जग्गाजमीनमा स्थायी उन्नति अर्थात् कुलो खन्न खनाउन, इनार खन्न, घरघडेरी राख्न आदि स्थायी काममा जग्गाधनीको इजाजत लिई मात्र गर्न हुनेछ ।

( ७ ) घरघडेरीभित्रको घरघडेरीले चर्चिएको जति घरघडेरीवरिपरिको लगा-तार जग्गाको भूमिदारी अधिकार दिनु नदिनु घरधनीको खुश हुनेछ ।

जिल्ला गोस्वारा र मातहतका इलाका मालहरूले यो विज्ञप्ति गाउँ मौजा-हरूमा टाँस गरी टाँस गरेका मितिले ३५ दिनभित्र जिल्लाका रैती किषान भला-दमी जिमीदार सबैको राय मागी आएको राय र गोस्वाराको रायसमेत यस मन्त्रा-लयमा पठाउनुहोला । यस बारेमा पृथक् आदेश भै आउने छैन । यै विज्ञप्ति-बमोजिम काम तामेल गरी जाहेर गर्नुहोला ।

सेक्रेटरी—
खाद्य तथा भूमि-व्यवस्थामन्त्रालय.

विष्णु ध्वज जोशी
अफिसर-ईन्चार्ज
२०१८

गोरखापत्र छापाखानाबाट प्रकाशित.

११६-B
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।